# उत्रियो कांग्रेस

महेश्वर गौतम/राजधानी

काठमाडौं

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसद् विघटनविरुद्ध सडकमा निस्किएको छ । संसद् विघटनलगत्तै पदाधिकारी बैठक बसेर निर्णयको विरोध गरेको कांग्रेस विरोध प्रदर्शनमा सडकमा निस्किएको हो ।

कांग्रेसले मंगलबार देशभरका १ सय ६५ वटै संघीय निर्वाचन क्षेत्रबाट संसद् विघटन गर्ने सरकारी निर्णयको विरोध गरेको हो ।

भक्तपुरमा आयोजित विरोध प्रदर्शनलाई सम्बोधन गर्दै कांग्रेस सभापति शेरबहादुर देउवाले संसद् विघटनको सरकारी निर्णय असंवैधानिक र अलोकतान्त्रिक भएको र कांग्रेसले सरकारको सो कदमको सशक्त रूपमा प्रतिवाद गर्ने बताए ।

भक्तपुर २ मा आयोजित विरोध प्रदर्शनपछिको सभालाई सम्बोध गर्दै देउवाले संसद् विघटनको निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दासमेत रहेको अवस्थामा कांग्रेस अदालतको आदेश पालना गरी अघि बढ्ने तर अदालतलाई तर्साउने र धम्काउने काम भने नगर्ने बताए ।

कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले संसद् विघटनको मुद्दा अदालतमा रहेकाले सर्वोच्च अदालतका न्यायधीशहरूलाई संविधानलाई राम्रोसँग हेरेर निर्णय गर्न आग्रह गरे ।

गृह जिल्ला तनहुंको आफ्नै निर्वाचन क्षेत्रमा भएको विरोध सभालाई सम्बोधन गर्दै उनले संसद् विघटनले वैधता पाउँदा संविधान र लोकतन्त्र नै मासिने खतरा रहेकाले विरोधमा उत्रिएको उनले बताए ।

कांग्रेस युवा नेता गगन थापाले संसद् विघटन विषयमा सर्वोच्च अदालतले न्याय दिने आशा जनताले लिएको बताए । प्रतिनिधि सभा विघटनविरुद्ध नेपालगन्जमा आयोजित प्रदर्शनपछिको सभालाई सम्बोधन गर्दै थापाले अदालतले न्याय दिने आशा व्यक्त गरे ।

काठमाडौं १ मा भने पूर्वमहामन्त्री प्रकाशमान सिंह प्रदर्शनसँगै सडकमा निस्किएका थिए भने उनले नयाँ बानेश्वरमा सभालाई सम्बोधन गरेका थिए ।

त्यस्तै, काठमाडौं २ मा कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले प्रदर्शनको नेतृत्व रेका थिए ।

काठमाडौं ३ को प्रदर्शनको नेतृत्व नेतृ अम्बिका बस्नेतले गरेकी थिइन । काठमाडौं ४ मा दिव्यमणीराज भण्डारी र क्षेत्रीय सभापति राजु श्रेष्ठ, काठमाडौं ५ मा सहमहामन्त्री डा. प्रकाशसरण महत, काठमाडौं ६ को नेतृत्व सांसद भीमसेनदास प्रधानले गरे ।

काठमाडौं ७ को प्रदर्शनको नेतृत्व क्षेत्रीय सभापति मुकुन्द रिजाल, ८ मा नविन्द्रराज जोशी, ९ मा ध्यान गोबिन्द रञ्जित र काठमाडौं १० को प्रदर्शनको नेतृत्व राजेन्द्र केसीले गरेका थिए ।

## लिखु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**डुंडे, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

## सेवा करारमा लिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०७७/०९/१४)**

लिखु गाउँपालिकामा गरीब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्न देहाय अनुसारका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ०१/०७७/७८ | सुपरीवेक्षक | सहायकस्तर पाँचौं सरह | १ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा अर्थशास्त्र वा जनसंख्या वा गणित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्युटर तालीम लिएको । |
| ०२/०७७/७८ | गणक | सहायकस्तर चौथो सरह | ४ | ४०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा अर्थशास्त्र वा जनसंख्या वा गणित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्युटर तालीम लिएको । |

१. छनौटको तरिका : अन्तरवार्ता ।
२. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. दरखास्त दिने स्थान : लिखु गाउँ कार्यपालिकाको कार्यालय, डुंडे, नुवाकोट ।
४. दरखास्त दिने अन्तिम मिति : २०७७/०९/२८ गते कार्यालय समय भित्र ।
५. दरखास्त फाराम पाइने स्थान : लिखु गाउँ कार्यपालिकाको कार्यालय वा www.likhumunnuwakot.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।
६. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपि, नागरिकताको प्रतिलिपि, कम्प्युटर तालीमको प्रमाण पत्रको प्रतिलिपि र लिखु गाउँ कार्यपालिकाको कार्यालयको राजश्व इकाईमा दरखास्त दस्तुर बुझाएको सक्कल भौचर ।
७. तलब : प्रचलित स्केल बमोजिम ।
८. काम गर्नु पर्ने स्थान : लिखु गाउँपालिका अन्तर्गत ।
९. सम्पर्क मिति : २०७७/०९/२९ गते
१०. परीक्षा मिति, समय र स्थान : सम्पर्क मितिमा तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**